# आदिवासी जनजाति: राजवंशी (कोच)

**सीमान्तिकृत समूह**

**संस्थाः**

पूर्व नेपालको कोच समुदाय राजवंशी नामले परिचित छ । उनीहरु लामो समयदेखि मोरङ र झापा जिल्लाका विभिन्न भागमा बसोबास गर्दै आएका छन् । राजवंशीको अर्थ राजपरिवार अर्थात् राजपरिवारसँग आवद्ध हुन्छ । राजा महाराजको वंशका भएकाले यिनीहरुले आफूलाई राजवंशी भनिएको हो भन्ने भनाई छ । राजवंशी जातिलाई कोच अर्थात कोचे पनि भनिन्छ । आफुलाई क्षेत्रीय राजकुलको ठान्ने उनीहरु प्रारम्भमा विराट राजाले आश्रय दिएको मान्दछन् । पूर्वी नेपालमा शासन गर्ने किचक उनीहरु कै आदिपूर्खा भएको विश्वास गर्दछन् ।

समाजशास्त्री डोरबहादुर विष्टका अनुसार हालको आसाममा अवस्थित सुनकोशी नदी, कोश र कोशीनदी भौगोलिक क्षेत्रभित्र प्राचीनकाल देखि बसोबास गर्दै आएका मानिसहरुलाई कोच भनिन्छ । सत्रौं र अठारौं शताब्दीमा दक्षिणको बिहार र उत्तरको मोरङ देखि भारतको आसामसम्म फैलिएको कोच साम्राज्य भारतमा अंग्रेजहरुले र झापा, मोरङ र सुनसरी जिल्लालाई नेपाल अधिराज्यले गाभेपछि कोचहरुको राजनीतिक इतिहासको अन्त्य भएको थियो । कोच राज्यको पतनपछि हिन्दु वर्णाश्रम व्यवस्थाले यस जातिको परम्परागत संस्कृतिमा प्रभाव पारेको र सांस्कृतिक रुपमा हिन्दु राजवंशी, मुसलाम राजवंशी र कोच गरी तीन समूहमा बाँडिएको पाइन्छ । राजवंशीको सामाजिक अवस्था निकै जटिल छ ।

राजवंशीहरुको जनसङ्ख्या २०६८ को जनगणना अनुसार जम्मा १,१५२४२ रहेको छ । त्यस्तै मातृभाषा बोल्नेको संख्या १२२,२१४ देखाईएको छ ।

यस जातिको प्रमुख पेशा खेती हो । प्रमुख पेशा खेतीपाति रहेता पनि अहिले कृषिमा निर्भरता घट्दो र युवा पुस्ताहरु अन्य पेशा तथा वैदेशिक रोजगारी तिर पलायन भएको पाइएको छ ।

राजवंशीहरु सिधा, सोझा स्वभावका हुन्छन् । राजवंशीहरु प्रायः ठुलो गुजुमज्जु परेर रहेको गाउँवस्तीमा बस्छन् । आफ्नो संस्कृति, परम्परा, भाषा र साहित्यमा यो जाति धनी छ ।

राजवंशीहरुको प्रचीन मौलिक पहिरनका रुपमा महिलाले लगाउने पेटानी, गजी, बर्हती र पुरुषहरुले लगाउने पाइजल, धोती, गन्जी र कमिज हो । उनीहरुको खानेकुरामा दाल, भात, तरकारी, अचार, पन्ताभात, खरखराभात, गाजीमुरी, बरी, भाका, पिठ, पेरपेरी, छेल्का'पेल्का, सुकाती, फोदगो, कान्जि, सुकटा, गुन्जी(घुंगी), सितु आदि हुन् ।

राजवंशी जातिको "हुधुर दुरा" नाच मानव सृष्टि र पृथ्वी लोकमा हुने सम्बन्ध बारे यस नाचमा प्रस्तुत गरिन्छ ।भगवान विष्णु र भगवान लक्ष्मी (जसलाई राजवंशीहरुले आफ्नो भाषामा लक्की भन्छन्) । बाजाका सन्दर्भमा हारमोनियम, झाल, कर्ताल आदि बाजाको प्रयोग गरिन्छ ।